नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल , काठमाडौ

बोलपत्र सम्बन्धी सूचना तथा अन्य शर्तहरू

## राष्ट्रिय ट्रमा सेन्टरको लागि PPE (Personal Protective Equipments ) लगायतका सामाग्रीहरुको आपुर्ति गर्ने सम्बन्धी शर्तहरु

यस राष्ट्रिय ट्रमा सेन्टरको लागि आवश्यक पर्ने **PPE(Personal Protective Equipments )** लगायतका सामाग्रीहरुको आपूर्ति गर्न इच्छुक कम्पनी तथा फर्मबाट निम्नानुसारको शर्तको अधिनमा रहने गरी बोलपत्र आह्वान गरिन्छ ।

(प्रथम पटक सूचना प्रकाशित भएको मितिः-२०७७/०५/१६)

१ गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्वन्धी सूचना अनुसार मिति २०७७ भाद्र २२ गते कार्यालय समयभित्र सम्म खरिद गरी सक्नु पर्नेछ र मिति २०७७ भाद्र २३ गते दिनको १२:०० बजेभित्र यस अस्पतालको खरिद इकाईमा बोलपत्र दर्ता गरिसक्नु पर्नेछ र सोही दिन दिनको २ :०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि ( उपस्थित नरहे पनि) को रोहबरमा प्राप्त बोलपत्रहरू खोलिने छ । माथि उल्लेखित दिनहरुमा सार्वजनिक बिदा परेमा उल्लेखित कार्यहरु भोलिपल्टबाट क्रमश गरिनेछ ।

२ बोलपत्रसाथ फर्मको दर्ता, नविकरण, इजाजत पत्र, भ्याट दर्ता, आ.व. २०७५।०७६ को करचुक्ताको प्रमाण पत्र र कालो सूचीमा नपरेको स्वघोषणापत्रका प्रमाणित प्रतिलिपिहरू अनिवार्य संलग्न हुनुपर्नेछ ।

३ बोलपत्रसाथ रू. २,७१,०००।- (अक्षरुपी रु दुई लाख एकहत्तर हजार मात्र ) यस अस्पतालको नेपाल इन्भेष्टमेन्ट वैंक शाखा कार्यालय न्युरोड शाखाको धरौटी खाता नं ००७०१०२०२५७२६८ मा नगदै जम्मा गरी सोको सक्कल भौचर वा कम्तीमा ९० दिनको अवधि भएको कुनै वाणिज्य बैङ्कद्वारा जारी भएको विड वण्ड ग्यारेन्टी पत्र संलग्न हुनु पर्नेछ । बोलपत्र स्वीकृत भएपछि स्वीकृत बोलपत्रपत्रदाताले सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ उपदफा (४) बमोजिम उक्त खातामा धरौटी वापत कबोल रकम नगदै वा सो रकम बराबरको सम्झौता अवधि भन्दा ३० दिन बढि म्याद भएको बैङ्क ग्यारेन्टी पत्र पेश गरी सम्झौता गर्नु पर्नेछ ।

४ स्वीकृत बोलपत्रदाताले आसयको सूचनाको म्याद समाप्त भएको मितिले अधिकतम ५ दिनभित्रमा (विशेष परिस्थितिको कारणले) सम्झौता गरिसक्नु पर्नेछ । सम्झौता नगरेमा धरौटी रकम जफत गरी सो भन्दा लगत्तै पछिको अर्को न्यूनतम मुल्याङ्कित सारभूतरुपमा

डा. सन्तोष पौडेल
नि.प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गरिनेछ । यसमा कुनै किसिमको दावी विरोध लाग्ने छैन । कार्यालयले मौखिक वा लिखित रुपमा यथासक्य चाँडो गरी सामानहरु उपलब्ध गराउने गरी सम्झौतामा थप शर्तहरु राख्न सक्नेछ ।

५ बोलपत्रमा उल्लेखित दर अङ्क र अक्षरमा प्रष्ट उल्लेख गरेको हुनु पर्नेछ । केरमेट भएको स्थानमा बोलपत्रदाताको दस्तखत गरी फर्मको छाप लागेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । बोलपत्रको मूल्यांकन प्राविधिक र आर्थिक विवरणका आधारमा गरिने छ ।

६ बोलपत्रदाताको कुनै पनि शर्त राखी बोलपत्र स्वीकार हुने छैन ।

७ बोलपत्र आंशिक वा पूर्ण रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ । कुनै कारण जनाई वा नजनाई बोलपत्र रद्द गर्न सकिनेछ ।

८ स्वीकृत बोलपत्रदाता र यस अस्पताल बीच सम्झौता भएको मितिले ७ दिनभित्रमा ५० प्रतिशत सामान आपूर्ति कार्य सम्पन्न गरी हस्तान्तरण गर्नु पर्नेछ । सम्झौता बमोजिम बोलपत्रदाताले कार्य सम्पन्न नगरेमा धरौटी जफत गरिने छ र सार्वजनिक खरिद ऐन, नियमावली अनुसार कालो सूचिमा राख्नको लागि प्रक्रिया अगाडी बढाइने छ ।

९ निम्नानुसार रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

- सिलबन्दी भई नआएको ।
- बोलपत्र फारम भरी सही छाप भै नआएको ।
- म्याद भित्र पेश हुन नआएको ।
- दफा १९ बमोजिम फिर्ता लिएको बोलपत्र ।
- बोलपत्रको सूचना बमोजिम तोकिएको बैंक डिपोजिट वा बैंक ग्यारेन्टी संलग्न भइ साथ नआएको
- दफा २६ को उपदफा ६ बमोजिम आपसमा मिलोमतो गरी दाखिला भएका बोलपत्र
- जुन फर्म वा कम्पनीको नाममा फाराम बिक्रि भएको हो सोहि कम्पनीबाट दर्ता हुन नआएको ।

१० बोलपत्र दर्ता गर्दा सूचनामा माग गरिए बमोजिमका सामानहरुको नमूना समेत सिलबन्दी गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

११ बोलपत्रदाताले यस अस्पतालले उपलब्ध गराएको बोलपत्र फारममा थप आफ्नो कागजात राख्दा सिलसिलेवार मिलाई पेश गर्नुपर्नेछ । साथै बोलपत्रदाता विदेशी कुनै फर्म वा कम्पनीको आधिकारिक एजेण्ट भएमा सो को आधिकारिक पत्र समेत पेश गर्नु पर्ने छ ।

१२ कार्यालयले आफ्नो सुविधा अनुसार एकमुष्ठ वा आइटम अनुसार दररेट स्वीकृत गर्न सक्ने छ ।

१३ सम्झौता पश्चात आपूर्ति हुने सामानहरुको नमूना बमोजिम भए नभएको तथा गुणस्तर जाँच गर्ने सम्बन्धित विषेशज्ञ एवम् प्रयोगकर्ताबाट प्राविधिक जाँच पास भएपछि मात्र जिन्सी दाखिला गरी भुक्तानीको प्रक्रिया अगाडी बढाईनेछ ।

डा. सन्तोष पौडेल
नि.प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

१४ मिति २०७७/०५/१६ मा गोरखापत्र दैनिकमा प्रकाशित सूचनामा "स्वास्थ्यकर्मीहरुको स्वास्थ्य सुरक्षाका लागि आवश्यक पर्ने PPE(Personal Protective Equipments ) लगायतका सामाग्रीहरु " उल्लेख भएकोमा उक्त सामाग्रीहरुमा निम्न बमोजिमका सामानहरु समावेश गरिएको छ ।

| S.N. | Item List | Description |
|---|---|---|
| 1 | N95 Mask | NIOSH Certified Surgical Respirator Mask |
| 2 | Reusable Half Face Mask | Combined Multigas Filter + P2 Particle Filter 1000PPM or 10 X OEL |
| 3 | KN95 Mask | USFDA Approved |
| 4 | Full set PPE | Full body gown various sizes (Protective Coverall with hood, elastic wrist, ankles and waist Zipper front with storm flap, serged seam), FaceShield, Shoe Cover, KN95 Mask-1, Surgical Mask-1, Sterile Gloves 6.5, 7.0, Disposable Cap (CE Certified) |
| 5 | Surgical Mask | 3 layer with nose pin Middle layer must be hepa filter paper layer Outer layer must be hydrophobic layer / Dochem |
| 6 | Sanitizer | Ethanol Alcohol must be >70%v/v and Chlorhexidine gluconate 0.5% w/v, 500ml |
| 7 | Loose Gloves | Different sizes [S, M, L] |
| 8 | Surgical Gloves (Sterile) | 6, 6.5, 7, 7.5 size, |
| 9 | Disposable Surgical Gown | Different sizes [M, L, XL] |

डा. सन्तोष पौडेल
नि.प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

| | | |
|---|---|---|
| 10 | Scrub gown with water proofing layer | AAMI level III liquid barrier (M, L, XL sizes) full surgical gown |
| 11 | Face Shield | According to sample. Two sizes [M, L] |
| 12 | Goggles | Powerless transparent, two size [M, L], According to sample |

१५ यसमा उल्लेख नभएका, नपरेका कुराहरू प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।
१६ थप जानकारीका लागि अस्पतालको खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।

संलग्न सबै शर्त तथा सूचना मञ्जुर गरी यो दरभाउपत्र पेश गरेको छु ।
प्रोप्राइटर/प्रबन्ध निर्देशकको नाम :

हस्ताक्षर :....................................
फर्मको नाम :....................................
फोन नं. :............................................

ठेगाना :............................................
फर्मको छाप :

डा. सन्तोष पौडेल
नि.प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट